# ‘अनुगमन कमजोर हुँदा बजारमा विकृति बढे’

**प्रस्तुति:** कारोबार संवाददाता **मिति:** 2013-01-09 **सम्बन्ध:** अर्थ



काठमाडौं, २४ पुस - वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव लालमणि जोशीले बजार संरक्षण ऐनको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन निकायहरूले भूमिका बढाउनुपर्ने बताएका छन् ।

प्रतिस्पर्धा प्रवद्र्धन तथा बजार संरक्षण ऐन कार्यान्वयनमा प्रमुख भूमिका रहेका बजार संरक्षण अधिकृतहरूको क्षमता अभिवृद्धिका लागि वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, अमेरिकी सहयोग नियोग तथा साउथ एसिया वाच अन ट्रेड, इकोनोमिक्स एन्ड इन्भायरोन्मेन्ट (सावती)ले आयोजना गरेको तालिम कार्यक्रमको उद्घाटन गर्दै उनले अनुगमन निकाय कमजोर हुँदा नै बजारमा विकृति देखापरेको उल्लेख गरे । "बजार अनुगमन चुस्त नहुँदा उपभोक्ता ठगिइरहेका छन्," उनले भने ।

वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागका महानिर्देशक नारायणप्रसाद बिडारीले बजारमा गैरप्रतिस्पर्धात्मक गतिविधि नियन्त्रण गर्नका लागि प्रतिस्पर्धा प्रवद्र्धन तथा बजार संरक्षण ऐन जरुरी भएको उल्लेख गरे । "प्रतिस्पर्धा प्रवद्र्धन तथा बजार संरक्षण ऐन, २०६३ लाई प्रभावकारी बनाउन २०६६ मा नियमावली पनि आएको छ," उनले भने, "तर पनि ऐनको कार्यान्वयन प्रभावकारी हुन सकिरहेको छैन ।" अमेरिकी सहयोग नियोग, निट एक्टिभिटीका उपप्रमुख पृथ्वीराज लिगलले बजारमुखी अर्थतन्त्रमा प्रतिस्पर्धा कानुनको भूमिका अत्यन्त महत्वपूर्ण हुने बताए । सावतीका अध्यक्ष डा. पोषराज पाण्डेले उदारीकरणपछि प्रतिस्पर्धाका कारण बजार अर्थतन्त्रको प्रभावकारिता र उत्पादकत्व वृद्धि हुने अपेक्षा गरिएको र त्यसो हुन नसकेको बताए । "कानुनको प्रभावकारी कार्यान्वयनमा नियमन निकायहरूको सक्रियताको नभएसम्म बजारमा विकृति कायम रहन्छन्," उनले भने, "नियमनको अभावमा सरकारी एकाधिकार निजी एकाधिकारमा परिवर्तन हुन सक्ने खतरा देखिएको छ ।"

विभिन्न १५ जिल्लाका बजार संरक्षण अधिकृत, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागका पदाधिकारी तथा उपभोक्ताकर्मी गरी २५ जना तालिममा सहभागी छन् ।